# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (६), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, माघ ११ गते २०७९ साल, सङ्ख्या १०

## भाग-२

**यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली, निर्देशिका र कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

**सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९**

कार्यपालिकाबाट स्वीकृत मिति-२०७९/०९/३०

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७९** हुनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले "सूर्योदय नगरपालिकाको बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०७९"लाई जनाउनेछ ।

**३. मूल कार्यविधिको दफा २. मा संशोधन:** दफा २. को खण्ड (ग) पछि देहाय बमोजिमको खण्ड (ग१) थप गरिएको छ ।

(ग१) “संस्थागत विद्यालय” भन्नाले सूर्योदय नगरपालिका क्षेत्रभित्रका प्रचलित कानुन बमोजिम स्थापना भएका संस्थागत विद्यालय लाई सम्झनुपर्छ ।

**४. संस्थागत विद्यालय थप गरिएको:** मूल कार्यविधिको विभिन्न स्थानमा रहेको “सामुदायिक विद्यालय” भन्ने वाक्यांश को सट्टामा “सामुदायिक र संस्थागत विद्यालय” भन्ने वाक्यांश राखिएको छ ।

**५.मूल कार्यविधिको दफा १६. मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छ ।**

“तर,

संस्थागत विद्यालयको हकमा दफा १५ को खण्ड (ख) बमोजिम कुनै संस्थागत विद्यालयलाई भनेर तोकिएर प्राप्त भएको रकम बाहेक अन्य कुनै पनि प्रकारको थप रकम विद्यार्थीहरूको बचत खातामा जम्मा गरिने छैन ।”

आज्ञाले,

मिलन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत